RR Interdisciplinary Journal Vol. 4 No. 4 December, 2023 (2080 Mangsir) PP 16-27

# *नानीकी आमा* उपन्यासमा वैचारिकता

**गोविन्दप्रसाद आचार्य***


## लेखसार

*रामप्रकाश पुरीकृत 'नानीकी आमा' (२०६३) मुख्यतः वैचारिक उपन्यास हो । परम्परित औपन्यासिक शैली भन्दा फरक प्रकारले निर्माण भएको हुँदा उपन्यास प्रयोगशील रहेको छ । उपन्यासमा दर्शन, विचार, राजनीति, सङ्घर्ष आदि विषयमा गम्भीर वहसका साथै गहन र उच्च प्रकारले विचारको प्रस्तुति गरिएको छ । उपन्यासमा सन्दर्भित गरिएका प्रेम, सम्बन्ध, आक्रोश, वेदना, खुसी, क्रान्ति, आशा, विश्वास, आस्था आदिको औचित्य पुष्टिका लागि सतहमा आएका विभिन्न पात्रको प्रभावकारी भूमिकाले उपन्यासलाई कलात्मक र वैचारिक दुबै रूपमा सफल बनाइदिएको छ । क्रान्तिको पक्षबाट वैचारिक पैरवी भएपनि क्रान्तिका नाममा भएका वैचारिक भ्रष्टीकरणलाई अस्वीकार गरिएको छ । वर्गीय प्रेमको संस्कार वर्गीयतामाथि आधारित हुन्छ भन्ने मार्क्सवादी दृष्टिकोणलाई सांस्कृतिक संस्कार बनाउन आह्वान गरिएको छ । सामाजिक परिवर्तनको गन्तव्यको लागि वर्गसङ्घर्षको उथलपूथलकारी कार्यविधिलाई आधारको रूपमा मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई लिइएको छ । उपन्यासमा सिद्धान्तलाई जीवनका लागि स्वीकार गरिएको भएपनि जीवनका लागि गलत सिद्धान्तको मार्ग अस्वीकृत गरिएको छ । जीवनका लागि आस्था निर्माण भएको छ र त्यसलाई ढल्न नदिन बलिदानी भएको छ र जीवनका नयाँ ढोका खोलिएका छन् । विचारको गहनताले भरिएको 'नानीकी आमा' उपन्यासको वैचारिकता द्वन्द्वात्मक भौतिकवादी दार्शनिक पद्धतिमाथि आधारित छ । विपरित विचारको अस्तित्वलाई उपन्यासमा सहर्ष स्वीकार गरिएको छ । विपरित विचारको द्वन्द्वले नयाँ तथ्यलाई अगाडि ल्याउन सक्ने ऐतिहासिक भौतिकवादी नियमको प्रचलित मान्यतालाई उपन्यासले स्वीकार गरेको छ । सामाजिक परिवर्तनको लागि द्वन्द्व अनिवार्य छ र प्रगतिशील वर्गको विजय अवश्यमभावी तथ्य हो भन्ने उपन्यासको वैचारिक निष्कर्ष रहेको छ । क्रान्तिको अवश्यमभावी तथ्यप्रति उपन्यासले विश्वास उत्पन्न गराउँछ । द्वन्द्वात्मक भौतिकवादलाई स्वीकार गर्नु, क्रान्तिको पक्षमा पैरवी गर्नु, नयाँ समाजको योजना प्रस्तुत गर्नु र विद्यमान व्यवस्थाका विरुद्ध उभिनुले उपन्यासको वैचारिक पक्ष प्रगतिशील र प्रगतिवादी रहेको छ ।*


**शब्दकुन्जी** : वैचारिक, भ्रष्टीकरण, भौतिकवाद, वर्गीय, प्रवृत्ति, प्रगतिवादी

---

* नेपाली विभाग, त्रि.वि., रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौँ । acharyagovind@gmail.com

## अध्ययन परिचय

नानीकी आमा उपन्यासको विचार पक्षको निरूपण गर्न यो अध्ययन सम्पन्न गरिएको छ । लेखन परम्परामा विचारको पक्षलाई प्रधान बनाएर यो उपन्यास लेखिएकोले यसले फरक परम्परा र शैली सुरुवात गर्न खोजेको छ । उपन्यास लेखनका प्रचलित कतिपय परम्पराप्रति सम्मान भएपनि जड र यथास्थितिवादप्रति भने उपन्यासकारको सहमति रहेको छैन । विचार र शैलीपरम्परा कुनै समयका लागि तात्कालिक वस्तुगत आवश्यकता र औचित्यपूर्ण हुने भएपनि नयाँ र परिवर्तित अवस्थामा पूर्ववत अवस्थामा कायम रहिरहन सक्दैन । तिनीहरूमा परिवर्तन गरी युग सुहाउँदो र अग्रगामी बनाउनुपर्ने आवश्यकता हुन्छ । त्यसरी युग सुहाउँदो तथा अग्रगामी विचार र शैलीपरम्पराको जग निर्माण गर्दै उदाएका उपन्यासकार पुरीले *नानीकी आमा* उपन्यासमा त्यो प्रयोगशीलता प्रस्तुत गरेका छन् । नेपाली उपन्यास क्षेत्रमा छुट्टै पहिचान र शैलीबाट निर्मित भएको यो उपन्यासका विभिन्न अवयव मध्ये केन्द्रीय प्रभुत्वमा रहेको विचार पक्षको विश्लेषण यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यो उपन्यासमा सम्प्रेषित विचारबारे व्यवस्थित अध्ययनको आवश्यकता महसुस गरी उपन्यासको वैचारिक प्रवृत्ति के हो र विचारधाराको वर्गीय पक्षधरताको स्थिति के-कस्तो रहेको छ ? भन्ने विषयलाई अध्ययन समस्याको रूपमा लिएर यस उपन्यासमा रहेका वैचारिक प्रवृत्तिको निरुपण गर्नु र विचारधाराको वर्गीय पक्षधरतालाई निदान गर्दै वर्गीय दृष्टिकोणलाई स्पष्ट गर्नु अध्ययनको उद्देश्य रहेको छ। अध्ययनको उद्देश्य पूरा गर्न र औचित्यपूर्ण बनाउन प्रगतिवादी साहित्यिक चिन्तन सम्बन्धी सामग्रीलाई अध्ययन विधिको माध्यम बनाइएको छ । त्यसरी प्रयुक्त सामग्रीलाई सन्दर्भ सामग्री सूचीमा प्रस्तुत गरिएको छ। अध्ययनलाई सङ्गठित रूपमा प्रस्तुत गर्न प्रगतिवादका सैद्धान्तिक मान्यता, विचार पक्षको विश्लेषण, विचारको प्रभुत्व, सामाजिक परिवर्तनको उद्देश्य, सङ्घर्षप्रतिको समभ्रुदारी र निष्कर्ष शीर्षकमा विभाजन गरी अध्ययनलाई पूरा गरिएको छ ।

## प्रगतिवादका सैद्धान्तिक मान्यता

प्रगतिवादी साहित्यिक सैद्धान्तिक मान्यता सम्बन्धी विभिन्न अभिमत अगाडि आएका छन् । तिनको प्रस्तुति यहाँ सान्दर्भिक छ : साहित्य र कलालाई विचारधाराको रूपमा स्वीकार गर्दै मुलतः समाजको आर्थिक-भौतिक जीवनबाट उत्पन्न तथा त्यसकै जगमा आधारित परिवर्तनहरूमा विचार गर्ने बेलामा हामीले उत्पादनका आर्थिक परिस्थितिहरू, जसले पदार्थ-विज्ञानलाई सही ढङ्गले औंल्याउन सक्दछ र विचारधाराको रूपमा, जसमा मानिस यी सङ्घर्षप्रति सचेत रहन्छ, यिनीहरूको बिचमा भेद गर्न आवश्यक छ (मार्क्स, १९८७, पृ. १) । वर्गीय पक्षधरताका साथै वर्गीय मान्यतालाई अँगाल्नु प्रगतिवादी उपन्यास लेखनको आधारभूत प्रवृत्ति हो । सामाजिक व्यवस्थामा कुलिन र निम्नवर्गहरू अस्तित्वमा आउनका लागि आर्थिक क्रियाकलाप, व्यवहार र संस्कारले **महत्त्वपूर्ण** भूमिका खेल्दछ । यी सबैलाई आर्थिक पक्षले दिशानिर्देश गरेको हुन्छ । त्यसैले राजनीति, कानुन, दर्शन, धर्म, साहित्य, कला, आदिको विकास आर्थिक आधारमा निर्भर रहन्छ । परन्तु यी सबैले एक अर्कालाई र आर्थिक आधारलाई पनि प्रभावित पार्दछन् (एङ्गेल्स, १९८२, पृ. २६७) । सामूहिक जीवनका लागि

समर्पित हुँदै साहित्यको सर्वहारा वर्गको सङ्गठनसित अभिन्न सम्बन्ध हुन आवश्यक छ । तव मात्र साहित्यले आफ्नो महान उद्देश्य पूरा गर्न सक्दछ । सर्वहारा वर्गको लागि साहित्य व्यक्ति विशेष अथवा कुनै गुटको लाभको साधन हुन सक्दैन (लेनिन, १९६७, पृ. ४७) । कलाको महान् मूल्य पनि त्यही हुन्छ, जसमा आफ्नो युगको मुक्तिगामी विचारधारासित जुन कलाकारको बढी भन्दा बढी तादत्म्यता हुन्छ, उसमा त्यति नै शक्ति र क्षमता पैदा हुन्छ । तर यसका लागि मुक्तिकगामी विचार उसको रगतको कणकणमा घुलिएको हुनुपर्छ जसका कारणले उसको अभिव्यक्ति त्यस अनुसार हुन सकोस् (प्लेखानोभ, १९५३, पृ. २३६) । समाजमा सबभन्दा प्रगतिशील वर्ग सर्वहारावर्गलाई सर्वविजयी वर्गको रूपमा परिभाषित गर्ने काममा श्रमको ऐतिहासिक र निर्णायक भूमिका रहन्छ । त्यसैले आफ्ना कृतिहरूमा श्रमलाई केन्द्रीय स्थानमा राख्न जरूरी छ । श्रमलाई प्रमुख सृजनात्मक कार्यको रूपमा नलिएर जीवन्त कृतिको सृजना हुन सक्दैन (गोर्की, १९८७ , पृ. २४४) । सर्वहारावर्गको शक्तिलाई यथार्थ जगतको विशेष संघटनाको विम्बमा सौन्दर्यात्मक ढङ्गले व्याख्या र मूल्याङ्कन गर्दै यसले मानिसको जीवन शक्तिलाई प्रात्साहित गर्दछ, उसको बाँच्ने इच्छा, उसको शारीरिक र मानसिक शक्ति, निकट जीवनमा सक्रिय रूपले भाग लिने भूमिका खेल्न उसको शक्तिलाई बृद्धि गर्दछ र उसका भावनाहरूलाई समृद्ध पार्दछ (जीस, १९८५, पृ. १२६) । विचारधारा र कलाको क्षेत्रमा शक्ति र भावना राजनीतिक सङ्घर्षको मातहतमा हुनुपर्दछ । किनभने केवल राजनीतिको माध्यमबाट नै कुनै वर्गविशेष र आम जनताका विभिन्न आवश्यकता केन्द्रिकृत रूपमा अभिव्यक्त हुन्छन् (माओ, १९५६, पृ. १४०) । राजनीतिलाई एउटा साधनको रूपमा लिँदै जीवनलाई पूर्णता दिनका लागि मानवले आकाङ्क्षा गरिरहन्छ अर्थात् पूर्ण जीवन जिउनका लागि उसले प्रयास गरिरहन्छ । उसको यस्तो साध्यलाई सिद्ध गर्नका लागि कला एउटा अपरिहार्य साधन हुन्छ (फिसर, १९६३, पृ. ९) । प्रगतिवादी उपन्यासका सैद्धान्तिक मान्यताहरू सर्वहारावर्गीय स्वार्थहरूलाई अनुकूल बनाउने हुन्छन् । त्यसरी त कुनै पनि साहित्य सिर्जना वा कृति समाजका विपरित वर्गहरूको मनोविज्ञान, व्यवहार तथा व्यापक सामाजिक प्रकृति भएका व्यापक जनसमुदायको पारस्परिक सम्बन्धहरूको निश्चित गर्ने साहित्यको वस्तु-**तत्त्वमाथि** आधारित हुन्छ (लुनाचार्स्की, १९६५, पृ. १४) । प्रगतिवादी सिद्धान्तको जगमा हुने भएकोले लेखकको दृष्टिकोण वस्तुपरक हुन आवश्यक छ, आत्मपरक होइन । यथार्थवादी सृजनाको वास्तविक कलाबाट परिचित हुनुपर्छ । जनसाहित्य र कलाको विरासत सतही तथा यान्त्रिक भूमिकाबाट खडा हुन सक्दैन । साहित्य एवम् कलाको विशिष्ट प्रकृतिलाई बुझेर मात्र जनसाहित्य र कलाको विरासत खडा गर्न सकिन्छ (यांग, १९५४, पृ. १९) । प्रगतिवादी सिद्धान्तबाट सर्वहारावर्गीय उद्देश्यको पुष्टि गर्नुपर्ने भएकोले यसप्रकारको कलाकृतिको सामाजिक संसारमा आफ्नो विशेष अस्तित्व हुन्छ । त्यसको निर्माण त्यस्ता वस्तुहरूबाट भएको हुन्छ जसको सामाजिक रूपमा सन्दर्भ र महत्व रहेको हुन्छ । यसको निर्माण केवल ध्वनिबाट होइन, व्यवस्थित शब्दभण्डारको बीचबाट छानिएका शब्दहरूबाट हुन्छ । केबल आकस्मिक स्वरबाट होइन बरू समाजद्वारा स्वीकृत स्वरहरूबाट हुन्छ । यी सारा वस्तुहरू सम्वेगात्मक र विचारधारात्मक सम्बन्धहरूबाट यसरी भरिपूर्ण हुन्छन् जो सामाजिक हुन्छन् (कडबेल, १९५६, पृ. ६३) । प्रगतिवादी साहित्यका सैद्धान्तिक मूल्यहरूको स्रोत मार्क्सवादी दर्शन हो । मार्क्सवादी दर्शन केवल चिन्तनको दर्शन होइन, बरू एक क्रान्तिकारी कार्यात्मक दर्शन हो । क्रियाकलापहरूबाट नै मानिसको मनमा बिभिन्न किसिमका विचार, भाव र मनोवेगहरू पैदा हुन्छन् । यिनले मानिसलाई नयाँ कार्य गर्नका लागि प्रेरित गरेर केवल बाह्य परिस्थितिमा मात्र परिर्वतन गर्ने होइन, बरू मानिस वा उसको विचारलाई पनि परिवर्तन गरिरहेको

हुन्छ (राय, २०१०, पृ. १९७-१९८)। मार्क्सवादी साहित्यिक चिन्तकहरूको मान्यता अनुसार वर्गीय समाजमा साहित्य एवम् कलाको पनि वर्गीयता हुन्छ (मिश्र, २०१०, पृ. ३१४)। विद्यमान समाजलाई यथार्थ रूपमा राख्ने वा त्यसलाई बदल्ने ? त्यो प्रश्नमा शताब्दियौँदेखि सङ्घर्ष चल्दै आएको छ। त्यो सङ्घर्ष दर्शन र राजनीतिका क्षेत्रमा जस्तै साहित्यमा पनि प्रतिबिम्बित हुने गरेको छ (सिंह, २०६९, पृ. ३०५-३१२)। सामाजिक चेतनाको निर्माण सामाजिक सत्ताबाट हुन्छ र सामाजिक सत्ताको रूपान्तरणका लागि सामाजिक चेतनाले पनि महत्त्वपूर्ण भूमिका खेल्दछ। वस्तुको चेतना र चेतनाको वस्तुमा रूपान्तरण हन्छ (चैतन्य, २०६४, पृ. २०)।

माथिका सैद्धान्तिक मतका आधारमा 'नानीकी आमा' उपन्यास मार्क्सवादी दर्शन र विचारधाराको जगमा अवतरित हुँदै सामाजिक जीवनमा कार्यरत अवस्थामा रहेको सर्वहारावर्गको उद्देश्य, आकाङ्क्षा र कर्तव्यको पक्षमा, आर्थिक शोषण, वैचारिक अन्योलता र वर्गविभेदका विरूद्ध सम्प्रेषित विभिन्न तथ्य प्रस्तुत गर्दै त्यसका आधारमा उपन्यासको विचार पक्षको स्थितिको निरूपण गरिएको छ।

## विचारपक्षको विश्लेषण

साहित्य र कलालाई विचारधाराको रूपमा स्वीकार गर्दै मुलतः समाजको आर्थिक-भौतिक जीवनबाट उत्पन्न तथा त्यसकै जगमा आधारित परिवर्तनहरूमा विचार गर्ने बेलामा हामीले उत्पादनका आर्थिक परिस्थितिहरू, जसले पदार्थ-विज्ञानलाई सही ढङ्गले औंल्याउन सक्दछ र विचारधाराको रूपमा, जसमा मानिस यी सङ्घर्षहरूप्रति सचेत रहन्छ, यिनीहरूको बिचमा भेद गर्न आवश्यक छ (मार्क्स, १९८७ : १)। *नानीकी आमा* उपन्यासमा द्वन्द्वात्मक भौतिकवादी दर्शनको जगमा साहित्यिक सिद्धान्त अवलम्बन गर्दै कथानक बनेको छ। सर्वहारावर्गीय विचारधाराको पैरवी गर्दै त्यो वर्गको उद्देश्य, विजय र शक्तिको सार्थकतालाई सिद्ध गर्नका लागि विचार, दर्शन, राजनीति र कार्यव्यवहारलाई यो उपन्यासले आफ्नो केन्द्रीय उद्देश्य बनाएकोले यसको वैचारिक दृष्टिकोण द्वन्द्वात्मक भौतिकवादी र सर्वहारावर्गीय रहेको छ। उपन्यासमा साहित्य र कलालाई विचारधाराको रूपमा स्वीकार गर्दै विचारधारालाई केन्द्रमा राखेर मार्क्सवादी साहित्यिक चिन्तन गर्दछ। त्यस अनुसार विभेदकारी सामाजिक संरचनालाई बदल्ने सङ्घर्षलाई कथावस्तुको मुख्य ध्येय बनाइएको छ।

यस उपन्यासका भूमिका लेखक नेपाली कम्युनिस्ट आन्दोलनका शिखर व्यक्तित्व मोहनविक्रम सिंहले उपन्यासमा व्यक्त विचारहरूको गम्भीरता र गहनता, मुख्यतः तिनीहरूको क्रान्तिकारी चरित्रले उपन्यासलाई प्रगतिशील धरालतमा स्थापित गरेको छ भनी उल्लेख गरेका छन् (पृ. अ)। पुरीले प्रगतिवादी साहित्यिक लेखन मान्यतालाई आत्मसात गरेका छन् (गौतम, २०७५, पृ. २९०)। अन्य विभिन्न समालोचना र समीक्षामा उनको वैचारिक प्रवृत्ति प्रगतिशील र प्रगतिवादी हो भन्ने निष्कर्ष पाइन्छन्। उनीद्वारा रचित विभिन्न साहित्यिक विधाका सिर्जना वा उनको साहित्यिक व्यक्तित्वमाथि भएका त्रिभुवन विश्वविद्यालयका विभिन्न तहका शोधहरूको निष्कर्ष पनि उनी प्रगतिशील र प्रगतिवादी धारका सशक्त लेखक र स्रष्टा भएको उल्लेख गरेका छन्। यी सबै तथ्यबाट उपन्यासको वैचारिकता प्रगतिवादी रहेको स्पष्ट छ।

राजनीति, कानुन, दर्शन, धर्म, साहित्य, कला, आदिको विकास आर्थिक आधारमा निर्भर रहन्छ । परन्तु यी सबैले एक अर्कालाई र आर्थिक आधारलाई पनि प्रभावित पार्दछन (एङ्गेल्स, १९८२, पृ. २६७) । उपन्यासमा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणलाई अपनाइएको छ । मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई दह्रो गरी समात्नु र त्यस आधारमा सृजनात्मक एवम् वौद्धिक अभिव्यक्ति दिनु यस उपन्यासको वैचारिक विशेषता हो । विचारमा कलाको रङ्ग भरेर उपन्यासमा संवाद प्रस्तुत हुनुले कलात्मक वैचारिक प्रवृत्तिको उजागर गरेको छ । विचारको सारङ्गीमा कलाको तार बजेको छ । त्यसबाट उपन्यासमा विचारको शक्ति उच्च रहेको स्पष्ट छ । उपन्यासलाई वैचारिक गरिमाले सम्पन्न बनाउने मुख्य प्रवृत्ति मार्क्सवादी-लेनिनवादी मूल्य र मान्यतामाथि आधारित रहन गएको छ । उपन्यासको वैचारिक धार मार्क्सवादी दर्शन र आर्थिक नीतिमाथि आधारित रहेको छ । यस अनुसार पुरीले सामाजिक परिवर्तनको पक्षमाथि जोड दिँदै औपन्यासिक पात्रलाई नयाँ आर्थिक व्यवस्था र प्रणालीमाथि आधारित राज्यव्यवस्था निर्माणका लागि अग्रसर तुल्याएका छन् ।

जीवन र जगतलाई बुझ्ने समझदारी दर्शन हो । दर्शनका लागि जीवन र जगतप्रतिको कस्तो धारणा छ र कुन पद्धतिबाट त्यसको व्याख्या गरिएको छ ? भन्ने प्रश्न मुख्य हुन्छ । सामान्यतया अहिलेसम्मका दार्शनिक पक्षमा जीवन र जगतलाई खालि दुइटा विपरित पद्धतिबाट बुझ्ने र व्याख्या गर्ने गरिएको छ । ती पद्धति आर्दशवाद र द्वन्द्ववाद हुन् । आदर्शवादको हेतु अध्यात्मवादसित र द्वन्द्ववादको हेतु भौतिकवादसित सम्बन्धित हुन्छ । आदर्शवाद र द्वन्द्ववाद दर्शनका दुई विपरित दृष्टिकोणीय पद्धति हुन् । दृष्टिकोणीय पद्धतिको प्रयोगले दार्शनिक पक्षको स्थितिलाई स्पष्ट गर्दछ । दुबै पक्ष एकैचोटी छलफलमा आउन सक्दछन् तर दुबै पक्षको एकैचोटी समर्थन हुन सक्दैन । कृतिमा दुबै दृष्टिकोणीय पद्धति वहसका लागि उपस्थित भएपनि अन्तमा एउटा पद्धतिप्रति प्रतिवद्धता दर्शाउनुपर्दछ । कला साहित्यले कुनै न कुनै रूपमा एक वर्गका निश्चित हितमा सहयोग पुऱ्याएको हुन्छ (लुनाचार्स्की, १९८७, पृ. ८७) । यो उपन्यासमा पनि दर्शनको पक्षधरता र समर्थन रहेको छ ।

यो उपन्यासमा व्यक्त भएको दार्शनिक पक्ष द्वन्द्वात्मक भौतिकवाद र आदर्शवाद बीचको सङ्घर्षबाट गुज्रिएको छ । परिवर्तनका बाहक भनिएका जनताले विज्ञान र दर्शनलाई सम्पूर्ण रूपले बुझेर विज्ञानको बाटो अँगालेका हुँदैनन् । उनीहरूमा विज्ञानको जानकारी धेरै कम हुने गर्दछ । तर सँधै अज्ञानताको अन्धकारले जनतालाई छोपेर राख्न पनि सक्दैन । त्यसरी समाजमा भएका विसङ्गति विरूद्धको सङ्घर्षमा विश्वदृष्टिकोणको प्रश्नलाई उपन्यासमा गम्भीर प्रकारले उठाइएको छ । विश्वदृष्टिकोणको प्रश्नलाई गम्भीर प्रकारले उठान गर्नु उपन्यासको दार्शनिक विशेषता हो । विश्वदृष्टिकोणका आधारमा उपन्यासमा अभिव्यक्त विभिन्न धारणासम्बन्धी केही उदाहरणबाट विषयलाई प्रष्ट बुझ्न सकिन्छ :

विचार सम्बन्धी धारणा : मान्छे एकदिन अवश्य पनि मर्छ, तर उसले जीवन कसरी प्राप्त गर्दछ ? जब मानिसले जीवनको खोजी गर्छ तब उसले जीवन प्राप्त गर्दछ (पृ. १) ।

पतन र उत्थानसम्बन्धी धारणा : एउटा पर्दा खस्यो तर अर्को पर्दा उठ्यो (पृ. २) ।

मृत्युसम्बन्धी धारणा : यथार्थमा मानिसलाई एकदिन जीवनसित सम्बन्ध विच्छेद गर्नु त छँदैछ तर जीवनको औचित्यलाई सार्थकतापूर्ण बनाउनका लागि मृत्युसित डराउनु हुँदैन (पृ. ८६) ।

सत्यप्रतिको धारणा : मानिसहरूलाई सत्यको मार्गमा उच्छेदन गर्न आउने जीवनविरोधी चुनौतिहरूसित लड्न अधिकार छ र सत्यको विजयको लागि मृत्युको बाटोमा बलिदानपूर्वक अग्रसर हुन स्वीकार्य छ (पृ. ८६) ।

श्रमप्रतिको धारणा : मानवसमुदायका अदम्य अठोटहरू र पसिनाको थोपाहरूले यो संसारलाई आमूल परिवर्तन गर्न सक्छन् (पृ. ८८) ।

प्रतिगमन र अग्रगमनप्रतिको धारणा : राजनीति चेतनाको उल्टो गति र विनाश पनि हो र राजनीति चेतनाको सुल्टो गति र सृजना पनि हो (पृ. ९२) ।

सत्यको विजयप्रतिको धारणा : आमा र्निविकल्प सत्य हुन् (पृ. ९५) ।

युद्ध र शान्तिप्रतिको धारणा : युद्धको आगमन विना शान्तिको आगमन हुँदैन (पृ. ९६) ।

क्रान्तिप्रतिको धारणा : यो हठ होइन, भविष्यप्रतिको विश्वास हो । मानवको उज्ज्वल भविष्यका लागि सुरू गरिएको लक्ष्य हो (पृ. १०३) ।

वर्गसङ्घर्षको इतिहासप्रतिको धारणा : हामीले स्पार्टकस भएर न्यायिक युद्ध लडेका थियौँ (पृ. ११९) ।

सफलता र असफलताप्रतिको धारणा : बाटो निर्माण गर्दै उकालो चढ्ने काम अत्यन्त गाह्रो रहेछ । यहाँ पसिना बग्दो रहेछ । रगत चुहिँदो रहेछ । निर्माण गरिएको बाटो सयौँ चोटी भत्किँदो रहेछ । त्यसलाई फेरि नयाँ ढङ्गले निर्माण गर्नुपर्दो रहेछ । यसरी मात्र आस्थाका फूलहरू फुल्दा रहेछन् (पृ. १२२) ।

विचारप्रतिको धारणा : जहाँ विचार मर्छ, त्यहाँ आशा र विश्वास पनि मर्दछन् र तपाई पनि मर्नु हुनेछ (पृ. १३४) ।

विभेदकारी व्यवस्थाप्रति व्यङ्ग्य धारणा : पुरूष वेश्या हुन सक्दैन, एउटी आइमाइले मात्र त्यस्तो विशेषता बोकेकी हुन्छे (पृ. १४२) ।

आस्थाप्रतिको धारणा : एक शिशुको आमा भएर तपाई बाँच्नु भयो भने शिशुले आमा बन्ने अवसर पाउनेछ । आमाको त्यो भन्दा ठूलो महानता अरू केही हुन सक्दैन (पृ. १४४) ।

जीवनप्रतिको धारणा : जीवन एउटा सङ्घर्ष हो, यसलाई प्रत्येक चुनौतिमा उभ्याउनुपर्छ, जीवन एउटा न्याय हो, यसलाई मानवसमुदायको हितमा लगाउनुपर्दछ । जीवन एउटा प्रेम हो यसलाई मानिसहरूको बीचमा सङ्गीतमय बनाउनुपर्छ (पृ. १४८) ।

सम्झौताप्रतिको धारणा : सम्झौता परस्पर विरोधमा हुन सक्दैन । सम्झौता समानता र न्यायमा मात्र गर्न सकिन्छ (पृ. १५७) ।

अस्तित्वको सङ्घर्षप्रतिको धारणा : मान्छेको जीवन सँधै एकनाश रहँदैन । उसको जीवनमा बेग्लाबेग्लै नयाँ मोडहरू आउँछन् र कति सुखहरू विहानी उषा झैँ उदाउँछन् भने कतिपय सुख जुन तारा अस्ताए झैँ अस्ताउँछन् । तर एउटा सत्य के भइरहन्छ भने मानिस आफ्नो अस्तित्व खोजिरहन्छ (पृ. २०३) ।

उपन्यासभरि दार्शनिक विचारधाराको बलियो उपस्थिति रहेको कुरा स्पष्ट छ । इतिहास, भूगोल, जीवन, राष्ट्र, विश्व, सङ्घर्ष, आस्था, विश्वास आदिबारे उपन्यासमा गम्भीर दार्शनिक दृष्टिकोण प्रस्तुत गरिएको छ । यसबाट उपन्यास द्वन्द्वात्मक भौतिकवादी दर्शनको जगमा उभिएर विस्तारित हुँदै झाङ्गिएको कुरा किटानी साथ भन्न सकिन्छ ।

सामाजिक शोषण, अत्याचार, उत्पीडन, हत्या, हिंसा, अराजकता, आतङ्क, विभेद आदि विसङ्गति र विकृतिका विरूद्ध र न्याय, स्वतन्त्रता, समानताका लागि सङ्घर्षको बाटो अपनाएको पक्ष र त्यसको विरोधी पक्षका बीचको सङ्घर्षले राजनीतिक स्थितिको बोध गराउँछन् । विद्यमान समाजलाई यथास्थितिमा राख्ने वा त्यसलाई बदल्ने ? त्यो प्रश्नमा शताब्दियौंदेखि सङ्घर्ष चल्दै आएको छ । त्यो सङ्घर्ष दर्शन र राजनीतिका क्षेत्रमा जस्तै साहित्यमा पनि प्रतिबिम्बित हुने गरेको छ (सिंह, २०६९ : ३०५-३१२) । शोषण, अत्याचार, उत्पीडन, हत्या, हिंसाका विरुद्ध उपन्यासले कठोर बनेको छ । त्यसलाई अन्त्य गर्ने साधनको रूपमा राजनीतिलाई अबलम्बन गरिएको छ। त्यसरी उपन्यासको विषयवस्तु राजनीतिक छ। राज्यव्यवस्थाका विसङ्गतिपूर्ण पक्षलाई हटाउनका लागि राजनीतिलाई साधनको रूपमा लिनुपर्ने औपन्यासिक विचार रहेको छ । उपन्यासका केन्द्रीय पात्रले राजनीतिक उद्देश्य लिएर नै जीवनको बाटो तय गरेका छन् । एकथरिले यथास्थितिको पक्षपोषण गर्ने हेतुबाट आफूलाई खलनायकमा रूपान्तरण गरेका छन् भने अर्कोथरिले क्रान्तिद्वारा सामाजिक परिवर्तन गर्ने उद्देश्यका साथ वैचारिक सङ्घर्षदेखि लिएर बलिदानी दिने सम्मको योगदानमा आफूलाई समर्पित गरेका छन् । राजनीतिक विचारको मन्थनले क्रान्तिको जीवनमा आउने कैयौँ गलत विचारको पनि खण्डन गरेका छन् । क्रान्तिको बाटोमा चुनौति भएको कुरालाई स्वीकार गरिएको छ र आस्थाको राजनीतिमा सहादत गर्ने योद्धाहरू स्तुत्य बन्न पुगेका छन् । उपन्यासभरि राजनीतिबारे गहिरो चिन्तन गरिएको छ ।

उपन्यासको मुख्य पात्र नम्रताको विद्रोह असीमित र अद्वितीय रहेको छ। विद्रोहको आवश्यकतालाई मानवजातिको सुख र सम्वृद्धिप्रतिको उच्च व्यवहारद्वारा पुष्टि गरिएको छ । जीवनको सार्थकतालाई पुष्टि गर्ने बेलामा मानवजातिको सुख र सम्वृद्धिलाई सबैभन्दा श्रेष्ठ र उच्च ठानिएको छ । नम्रताले त्यो पक्षलाई केन्द्रमा राखेर जीवनलाई परिभाषित गर्दा विद्रोहको गति लिनु परेको छ ।

सामान्यतया जन्म दिने आमाप्रतिको धारणा सकारात्मक रहने गर्दछ । तर यो उपन्यासमा आमासँग विद्रोह गरेको अवस्था छ । कर्तव्य र दायित्वलाई छोडेर जन्म दिएकै कारणले कुनै आमा कुनै शिशुको लागि महान हुन सक्दिनन् भन्ने तथ्यलाई यो उपन्यासमा उभ्याइएको छ । आमासितको विद्रोह एउटा कुनै शिशुका लागि धेरै भयानक हो । यहाँ नम्रताले जन्म दिने आमासित तोडेको सम्बन्ध र मार्गदर्शक आमासित जोडेको सम्बन्ध रगतको नाता र सम्बन्ध भन्दा बेग्लै रहेको छ। आमालाई त्याग्नुपर्ने वाध्यता नम्रताका अगाडि वर्गीय दृष्टिकोण भएर उभिएको छ ।

जीवनप्रतिको अलगअलग बुझाइ र क्रियाकलापका कारणले शोभाराम र नम्रता बीचको सहयात्राले निरन्तरता पाउन नसकी एकअर्कालाई काँडा जस्तै बिझाउन थालेको छ। जीवनको सहयात्रा पारस्परिक सहमति र सुझबुझका आधारमा नै अगाडि बढ्न सक्दछ । अन्तरनिहित स्वार्थ र फरक उद्देश्यका कारण त्यस प्रकारका सहमति र सुझबुझ उनीहरूको जीवनमा जुट्न सकेका छैनन् । दुबैजनाले क्रान्तिको बाटोमा हिड्ने सहमति

गर्नु तर भविष्यमा शोभारामको उद्देश्य क्रान्तिमार्गका लागि बाधा बनेर अगाडि आउनुले उनीहरूको सहयात्रा दीर्घकालिक बन्न सकेको छैन । नम्रताको माध्यमबाट राजनीतिक चेतनालाई सुझबुझ र समझदारी बनाउने साधनको रूपमा अगाडि सारिएको छ । समझदारी र सुझबुझबाट समस्यालाई हल गर्ने प्रयासलाई धेरै **महत्त्व दिइ**एको छ । त्यसका लागि कैयौँ मानसिक तथा शारिरीक हिंसालाई पनि बेहोर्नुपरेको अवस्था छ । तर अन्याय र हिंसा असीमित बन्न गएकोले सहनशीलताको अन्त्य हुन्छ र विद्रोहको अवस्था अगाडि आउँछ । त्यसपछि परिवार, राज्य, सरकार लगायत विभिन्न विसङ्गत पक्षका विरूद्धमा विद्रोहका लहर उठ्छन् र क्रान्तिको शक्ति विकास हुँदै जान्छ । उपन्यासका विभिन्न पात्रले लिएको बाटोबाट त्यो कुरा सिद्ध हुन्छ । सामान्य मान्छेहरूले गरेका विद्रोह पनि उपन्यासमा महत्त्वपूर्ण रहेका छन् । विद्रोही विचारलाई उपन्यासमा महत्त्वपूर्ण स्थान प्रदान गरिएको छ ।

## विचारको प्रभुत्व

भूमिका लेखक सिंहका अनुसार विचारको गम्भीरता र गहनता उपन्यासको प्रारम्भदेखि अन्तसम्म, सबै पात्रहरूको चरित्र-चित्रण वा सबै संवादमा व्यक्त भएको हुन्छ (पृ. ऐ.) । प्रगतिवादी साहित्यका सैद्धान्तिक मूल्यहरूको स्रोत मार्क्सवादी दर्शन हो । मार्क्सवादी दर्शन केवल चिन्तनको दर्शन होइन, बरू एक क्रान्तिकारी कार्यात्मक दर्शन हो । क्रियाकलापहरूबाट नै मानिसको मनमा बिभिन्न किसिमका विचार, भाव र मनोवेगहरू पैदा हुन्छन् । यिनले मानिसलाई नयाँ कार्य गर्नका लागि प्रेरित गरेर केवल बाह्य परिस्थितिमा मात्र परिर्वतन गर्ने होइन, बरू मानिस वा उसको विचारलाई पनि परिवर्तन गरिरहेको हुन्छ (राय, २०१०, पृ. १९७-१९८) । कला आँखाको सुख र चैन भएपनि आत्मवोध र अनुभूतिको आधारस्तम्भ विचार नै हो । अर्थात विचारमा सुगन्ध र दुर्गन्धको आत्मवोध र अनुभूति हुन्छ । विचार सही भए सकारात्मक र गलत भए नकारात्मक सन्देश प्रवाह हुन्छ । यसरी विचार कलाकृतिको केन्द्रमा रहने मुख्य अवयव भएको कुरा स्पष्ट छ । कला विचारधाराको एउटा महत्त्वपूर्ण अङ्ग हो (किरण, २०७७, पृ. ४०) । उपन्यासमा लेखिएको छ : अन्यायीलाई मारेर मात्र न्याय स्थापित हुँदैन, अन्यायीलाई मारेर अर्को अन्यायीको स्थापना हुन्छ भने के अर्थ छ न्यायको ढोल पिटाइमा ? हामीले यस प्रकार आफूलाई पटकपटकमा सोधेनौँ भने हामी नै अत्याचारी हुन सक्छौँ र न्यायका कुरा गर्ने राजनीतिक व्यभिचारी पनि (मन्तव्य, क) । उपन्यासका लागि प्रत्येक घटना र परिवेशमा उभिएर शीर्षक सहित सिलसिलामा राखेर उपन्यासको जन्म गराउने उपन्यासकार पुरीको शैली पनि प्रयोगशील छ । ती अध्यायको नमुना हेरौँ :

पहिलो, *रक्तयुद्धको धुवाँभित्र आमाका नानीहरूको घोषणा* भन्ने बित्तिकै क्रान्तिको विचारले पाठकको ध्यान आकर्षित गर्दछ । दुइटा वर्गको तस्वीर अगाडि आउँछ र मानव समाजमा सङ्घर्ष, आन्दोलन, क्रान्ति, बलिदान भइरहेको छ भन्ने धारणा निर्माण गराउँछ । खासगरी 'आफ्नो रगत बगाइरहने छन्' भन्ने विचारले न्यायप्रतिको चाहना र त्यसका लागि सर्वदा सङ्घर्षको बाटोलाई स्वीकार गर्ने पक्षलाई स्थापना गर्ने वैचारिक उद्देश्य रहेकोले वर्गीय अवधारणा प्रस्तुतिका लागि विचारको प्रभुत्व बढ्न गएको छ ।

दोश्रो शीर्षक *जब ऊ नानीकी आमा थिई* शीर्षकले सङ्घर्षको क्षणको साक्षात्कार गराउँछ । कोही नानीकी आमा कसरी हुन पुगेकी थिई ? नानीकी आमा भनेको के हो ? को हो त्यो ? आदि प्रश्न अगाडि आउँछन् । विचार र कल्पना गर्नका लागि प्रशस्त ठाउँ उपलब्ध हुन्छ । नम्रता नामक पात्रको भूमिकाबाट स्पष्ट हुँदै जान्छ कि नानीकी आमा वास्तवमा विचारको प्रतिमूर्ति हो, जसलाई दुरूपयोग गर्ने र जीवनको मार्गनिर्देशक मूल्य बनाउने बीचमा अचानो झैँ राखिएको छ । विषयवस्तुलाई प्रतिकात्मक ढाँचामा राखेर विचारको पुष्टि गर्ने कार्य भएकोले विचारबारे यस अध्यायमा विभिन्न रोमाञ्चकता उत्पन्न हुन्छ ।

तेस्रो, *मान्छेहरूको अस्तित्वको सुराक* ले मान्छेहरूको क्रियाकलाप, परम्परा, व्यवहार आदिको परिचय लिने कुरा हो भन्ने बोध गराउँछ । मानिसहरू विभिन्न तरिकाबाट समाजमा बाँचिरहेका हुन्छन् । उनीहरूका बीचको सम्बन्ध पनि विभिन्न प्रकारले स्थापित भएको हुन्छ । सामाजिक परिवर्तनको अभियानमा यी सबै पक्षलाई देख्न सकिन्छ ।

चौथो, *उसको जीवनयात्रामा समेटिएका आमाका सपनाह*रूले विचारको नयाँ शिरामा नयाँ भविष्यको प्रतिविम्व दर्शाउँछ । गहन विचारको विभिन्न अभिव्यक्ति दिएर यस शीर्षकको औचित्य पुष्टि गरिएको छ ।

पाँचौ, *खुला आकाश र खेतका आलीहरूको सन्देश* प्रतिकात्मक शीर्षक हो । जेलभन्दा बाहिर वा कठोर र नारकीय परिवेश भन्दा बाहिरको परिवेशको चिन्तन-मन्थनको विचार घनिभूत रूपमा विभिन्न आयाम लिएर प्रकट भएको छ ।

छैटौं, *आमाको वास्तविक रूपको आभास र यात्राका नमेटिने डोबहरू* शीर्षकले विचारको सही स्वरूपतर्फ ध्यान आकर्षित गराउँछ । यसअन्तर्गत कलात्मक पक्षलाई समावेश गर्ने क्रममा सत्य र शास्वत पक्षलाई स्थापित गरिएको छ । आमाको स्वरूपलाई सत्य शास्वत पक्षको प्रतिकात्मक मानिएको छ ।

सातौं, *इतिहासको बयान : उसका सहमति र असहमति* शीर्षकले इतिहासको सन्दर्भबाट विचारको उपलब्धिलाई स्थापित गर्ने र त्यसका शिक्षालाई ग्रहण गर्ने आधार प्रदान गरेको छ । सबै सङ्घर्ष क्रान्तिका लागि भएका हुँदैनन्, सबै विचार मुक्तिका लागि पैदा भएका हुँदैनन् । सबै दर्शन मान्य हुँदैनन् । यी सबैप्रति समझदारीको आधारमा सहमति र असहमति उत्पन्न हुन्छ । विचारको उच्च सङ्घर्ष वर्गीयतामा आधारित हुन्छ ।

आठौं, *उकालीको यात्रा र पसिनाभित्र देखिएको उसको जीवन प्रतिविम्ब* शीर्षकले दर्शन र राजनीतिको विषयलाई घनिभूत रूपमा प्रस्तुत गर्दछ । सबैभन्दा वैचारिक मन्थन यस अन्तर्गत भएको छ । दर्शनले दिशानिर्देशन गरेको छ । विश्वदृष्टिकोण सही भएमा कैयौं भूलका बीचमा पनि जीवनलाई क्रान्तिको मार्गमा लैजान सम्भव हुन्छ । यस अध्यायमा वैचारिकताले व्यापक रूप धारण गरेको छ ।

नवौं, *तब ऊ नानीकी भई* शीर्षकले चुनौतिमाथि विजय गरेर क्रान्तिका लागि काम गर्ने अभियन्तामा वैचारिक शक्ति निर्माण भएको अवस्थालाई बोध गराउँछ । क्रान्तिप्रतिको आस्था र त्यसका लागि काम, समृद्ध मानवसमाजको सपना र त्यसको प्राप्तिका लागि वर्तमानमा सङ्घर्ष गर्ने योग्य जनसमूहको स्वरूपलाई यसले विचारधारात्मक रूपमा व्याख्या गर्दछ ।

दशौँ, *परिशिष्टका दिनहरूमा नानीकी आमा* शीर्षकले नयाँ सङ्घर्षको थालनी र त्यसमा भएको वैचारिक मन्थनको पक्षलाई औँल्याएको छ । एउटा पहाड काटेपछि अर्को पहाडको यात्राबारे विचारको मन्थन यस शीर्षक अन्तर्गत रहेको छ ।

एघारौँ, *परिभाषित अस्तित्वमा नानीकी आमा* शीर्षकले सिद्धान्त, विचार, राजनीति र सत्यको परिचय गराउँछ । पात्रहरूको भूमिकाले सत्यलाई स्थापित गरेर आमाको गरिमालाई सर्वोच्च बनाउँछन् । सत्य भन्दा माथि कोही छैन, अर्थात् सत्य भनेका जनता हुन्, जनताको विजय हुनेछ भन्ने विचारको मन्थन यसअन्तर्गत भएको छ ।

बाह्रौं, *मृत्युको बयान र नानीकी आमाको उपस्थिति* शीर्षकले आस्था र विचारको सङ्घर्ष भयानक छ । दास युगदेखि मानवसमाजको इतिहास वर्गसङ्घर्षको इतिहास रहँदै आएको छ । मुक्ति खोज्ने पक्षले ठूलो कुर्वानी गर्दै आएको मानव इतिहास रक्ताम्मे छ भन्दा पनि अत्युक्ति हुँदैन । मुक्तिको लागि मृत्यु र सच्चाइको विजयको सन्दर्भमा यो शीर्षकको औचित्य पुष्टि भएको छ ।

तेह्रौ, *उपसंहार*ले वर्गसङ्घर्षको मैदान कहिल्यै पनि खालि हुने छैन, क्रान्तिको लागि सर्वदा काम भइरहने छ, साम्राज्यवादीहरूले पराजित हुनुपर्नेछ, गलत विचारले अस्वीकृत हुनुपर्नेछ, अन्तमा मानवजातिको विजय हुनेछ र त्यो विश्वका समस्त मानिसको शान्तिप्रिय र सुन्दर सपना हो भनी उपन्यासमा मन्थन भएका विचारको सारलाई प्रस्तुत गर्दछ ।

## सामाजिक परिवर्तनको उद्देश्य

प्रस्तुत उपन्यासमा चित्रित भएका सकारात्मक र नकारात्मक दुबै खालका पात्रहरूलाई सत्यका लागि द्वन्द्व गराइएको छ । नकारात्मक भूमिकामा रहेको पात्रहरूले दिने सन्देश पनि सत्यको स्थापनाका लागि रहेको छ । वास्तविक जीवनको अन्यायी वर्गलाई ग्रहण गरेर त्यसको विशेषता अनुसार प्रतिक्रिया देखाउनु र अन्यायी वर्गका विरूद्ध जनतालाई घृणा उत्पन्न गराउनु नकारात्मक पात्रको महान दायित्व हुन्छ । अन्यायी वर्गका विरूद्ध शोषित वर्गलाई आत्मसात् गरेर त्यसको विशेषता अनुसार प्रतिक्रिया देखाउनुका साथै सामाजिक परिवर्तनको महान उद्देश्य सम्बन्धी योजना, विचार, सङ्गठनको निर्माण गरी जनवर्गलाई एकतावद्ध बनाउँदै उनीहरूमा भविष्यप्रतिको आशा, विश्वास र भरोसा उत्पन्न गराउनु र मानवतावादी विश्व निर्माणमा योगदान दिनका लागि जनवर्गलाई प्रेरणा प्रदान गर्नु सकारात्मक भूमिकामा रहेका पात्रहरूको दायित्व हुन्छ । सबै पात्रका दायित्व र जिम्मेवारी महान र महत्त्वपूर्ण हुन्छन् । वैचारिक भएका कारण सबै पात्रहरूले सामाजिक परिवर्तनको विचार, आन्दोलन, सङ्घर्ष वा क्रान्तिको आवश्यकतालाई औचित्यपूर्ण बनाउन महत्वपूर्ण भूमिका खेल्न पुगेका छन् । उपन्यासमा सर्वहारावर्गको विजयलाई नै अन्तिम सामाजिक परिवर्तनको उद्देश्य बनाइएको छ भने साम्राज्यवाद विरूद्धको सङ्घर्षलाई प्रधान बनाइएको छ ।

## सङ्घर्षप्रतिको समभदारी

सङ्घर्षको विषयलाई जीवनको उच्च र मूल्यवान कार्यको रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ। त्यसरी त्यो पक्ष विचारको मुख्य केन्द्र बन्न गएको छ। मुख्य पात्र नम्रताको प्रेरणाले समकक्ष पुस्ता (प्रकाश) र पछिल्लो पुस्ता (अन्जु) प्रभावित र निर्देशित छन्। समकक्षी पुस्ता सङ्घर्षको मैदानमा छ र भविष्यको पुस्ता त्यो जिम्मेवारी लिने उत्तराधिकारी बनेर उदाएको छ। सङ्घर्षप्रतिको समभदारी बनाउन विचार निरन्तर क्रियाशील भइरहेको छ। त्यसरी सङ्घर्षप्रतिको समभदारीलाई विभिन्न रूपमा पाउन सकिन्छ। केही नमूनालाई हेरेर त्यो कुरा स्पष्ट हुन सक्दछ : हामी सबैले जीवनमा भाग लिऔँ, यो किताब पढौँ, यो किताबका सुकृर्तिहरूमा आफूलाई उठाऔँ (पृ. २)। मानवजातिको लागि काम गर्नुहोस्, स्वतन्त्रताका खातिर रगत बगाउनुहोस् (पृ. २७)। जीवनको परिभाषा खोज्नु आफैमा सहज विषय होइन, त्यसको लागि जीवनका सामू उभिएका चुनौतिहरूका विरूद्ध लड्नुपर्छ (पृ. ८२)। तिमी नयाँ भविष्यको सपनाद्वारा मारिने छौ, न्यायिक युद्धका बमहरूले उडाइने छौ र रगतका खोलाहरूले बगाइने छौँ (पृ. २२६)। यी केही उदाहरण मात्र हुन्। उपन्यासभरि सङ्घर्षको कथा छ। गलत विचार, बेठीक राज्यव्यवस्था, गलत चरित्र आदिका विरूद्धमा सम्भौताहीन सङ्घर्षको समभदारीलाई उपन्यासमा स्थापित गरिएको छ।

## निष्कर्ष

उपन्यासमा रहेको विचारपक्षलाई निरूपण गर्न उपन्यासमा प्रयुक्त विचारको आधार प्रगतिवादका सैद्धान्तिक मान्यताभित्र खोजिएको छ। त्यसअन्तर्गत प्रगतिवादी साहित्यिक सिद्धान्तका विभिन्न अभिमत प्रस्तुत गर्दै त्यसको जगमाथि उपन्यासमा रहेको विचार पक्षको विश्लेषण, विचारको प्रभुत्व, सामाजिक परिवर्तनको उद्देश्य, सङ्घर्षप्रतिको समभदारी र निष्कर्षबारे अध्ययन गरिएको छ। विचार पक्षको विश्लेषणअन्तर्गत दार्शनिक, राजनीतिक लगायतका मूल्यको लेखाजोखा गरिएको छ। विचार प्रभुत्वको आधार उपन्यासमा संवादको रूपमा व्यक्त भएका गहन वैचारिक विषयलाई मानिएको छ। सामाजिक परिवर्तनको उद्देश्य सर्वहारावर्गको क्रान्ति र विजयलाई लिइएको छ। सङ्घर्ष सोभो र सरल रेखाबाट नभई बक्ररेखाको मार्गबाट अगाडि बढ्छ भन्ने तथ्य प्रस्तुत गरिएको छ। *नानीकी आमा* उपन्यासको वैचारिकता द्वन्द्वात्मक भौतिकवादी दार्शनिक पद्धतिमाथि आधारित छ भन्ने अध्ययनको निष्कर्ष छ। उपन्यासमा विपरित विचारको अस्तित्वलाई सहर्ष स्वीकार गरिएको छ। विपरित विचारको द्वन्द्वले नयाँ तथ्यलाई अगाडि ल्याउन सक्ने ऐतिहासिक भौतिकवादी नियमको प्रचलित मान्यतालाई पनि स्वीकार गरेको छ। सामाजिक परिवर्तनको लागि द्वन्द्व अनिवार्य छ र प्रगतिशील वर्गको विजय अवश्यमभावी तथ्य हो भन्ने उपन्यासको वैचारिक निष्कर्ष रहेको छ। वर्तमान युग वर्गीयताको हो। त्यसैले मानवसमाज वर्गमा विभाजित छ र क्रान्तिका सम्भावना त्यहींभित्र निहित रहेको छ भन्ने तथ्यलाई उपन्यासमा उजागर गरिएको छ। वर्गको अस्तित्व र आधार आर्थिक पक्ष भएपनि त्यसको पहिचान गर्ने काम विचार पक्षले नै गर्दछ। क्रान्तिको अवश्यमभावी तथ्यप्रति उपन्यासले विश्वास उत्पन्न गराउँछ। द्वन्द्वात्मक भौतिकवादलाई स्वीकार गर्नु, क्रान्तिको पक्षमा पैरवी गर्नु, नयाँ समाजको योजना प्रस्तुत गर्नु र विद्यमान व्यवस्थाका विरुद्ध उभिनुले उपन्यासको वैचारिक पक्ष प्रगतिशील र प्रगतिवादी रहेको छ।

## सन्दर्भ सामग्री सूची


कड्वेल, क्रिस्टोफर. (१९५६). *इलुजन एण्ड रियालिटी.* नयाँ दिल्ली, पिपुल्स पब्लिशिंग हाउस ।

किरण, मोहन वैद्य. (२०७७). *मार्क्सवादी समालोचना.* प्रा.डा. ताराकान्त पाण्डेय(सम्पा.). अनामनगर काठमाडौ, शमी साहित्य प्रतिष्ठान ।

गोर्की, म्याक्सिम. (१९८७). *अन लिट्रेचर.* मस्को, फरेन ल्याङ्गुअज पब्लिसिंग हाउस ।

गौतम, दीपक. (२०७५). *महाकाव्य अध्ययन.* सुर्खेत, लेखक स्वयम् ।

चैतन्य. (२०६४). *मार्क्सवादी कलादृष्टि र समीक्षा.* काठमाण्डौ, ऐरावती प्रकाशन प्रा.लि. ।

जीस, अब्नेर. (१९८५). *कलाके वैचारिक और सौन्दर्यात्मक पहलु.* मस्को, रादुगा प्रकाशन ।

जी.भी. प्लेखानोभ. (१९५३). *आर्ट एण्ड सोशियल लाइफ.* मस्को, पिपुल्स पब्लिशिंग हाउस ।

त्सेतुङ, माओ. (१९५६). *टक्स एट दि ऐनान फोरम अन आर्ट एण्ड लिट्रेचर. पेकिंग.* फरेन ल्याङ्गुअज पब्लिसिंङ हाउस ।

पुरी, रामप्रकाश. (२०६३). *नानीकी आमा.* काठमाडौ, सर्मुधन अध्ययन प्रतिष्ठान ।

फिशर, अन्शर्ट. (१९६३). *दि नेशिसिटी अफ आर्ट.* पेन्गुइन बुक्स ।

मार्क्स. (१९८७). *'पुँजी' खण्ड-१.* मस्को, प्रगति प्रकाशन ।

मार्क्स-एङगेल्स. (१९८२). *सङ्कलित पत्रव्यवहार १८४४-१८९५.* मस्को, प्रगति प्रकाशन ।

मिश्र, शिवकुमार.(२०१०). *मार्क्सवादी साहित्य-चिन्तन इतिहास तथा सिद्धान्त.* नयाँ दिल्ली, वाणी प्रकाशन ।

यांग, चाऊ. (१९५४). *चाइनिज न्यू लिट्रेचर एण्ड आर्ट.* पेकिंग, फरेन ल्याङ्गुअज पब्लिसिंग हाउस ।

राय, महेशचन्द्र. (२०१०). मार्क्सवाद और साहित्य. शिवकुमार मिश्र. *मार्क्सवादी साहित्य-चिन्तन इतिहास तथा सिद्धान्त.* नयाँ दिल्ली, वाणी प्रकाशन ।

लुनाचार्स्की, ए.बी. (१९६५). *अन लिट्रेचर एण्ड आर्ट.* मस्को, प्रोग्रेसस पब्लिर्सस ।

लुनाचार्स्की, अन्नातोली. (१९८७). *समाजवादी यथार्थवाद.* ये सीदोरोब (सम्पा.). दिल्ली, साहित्य अकादमी ।

लेनिन. (१९६७). *अन लिट्रेचर एण्ड आर्ट.* मस्को, प्रोग्रेसेस पब्लिसरस ।

सिंह, मोहनविक्रम. (२०६९). प्रगतिवादी साहित्य र सौन्दर्य. *भृकुटी.* प्रगतिवाद विशेषाङ्क. प्रदर्शनी मार्ग, काठमाडौ, भृकुटी एकेडेमिक पब्लिकेसन्स ।